# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## सानोठिमी, भक्तपुरको

## शुल्क कार्यान्वयन सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मिति २०८१।०५।१३**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आङ्गिक, परिषद् अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स) र परिषद् सँगको साझेदारीमा सञ्चालित प्रमाणपत्र, डिप्लोमा तह र प्रि-डिप्लोमा तहका विभिन्न कार्यक्रमहरूमा फरक फरक शिक्षण शुल्कहरू लिइरहेको सन्दर्भमा कार्यक्रम सञ्चालन गर्दा लिइने शुल्क परिषद् कार्यालयले निर्धारण गरे बमोजिमको शुल्क कार्यान्वयन गर्ने । साथै परिषद् अन्तर्गत गैरनाफामूलक (प्रतिष्ठान) रूपमा सञ्चालित शिक्षण संस्थाहरूले परिषद् कार्यालयसँग भएको सम्झौता पत्रको बुँदा नं. १३ मा उल्लेख भए बमोजिम परिषद्बाट सम्बन्धन स्वीकृति प्राप्त गरी निजी स्तरमा सञ्चालित संस्थागत प्राविधिक शिक्षालयका लागि तोकिएको शुल्कको ७० प्रतिशतमा ननाघ्ने गरी कायम गर्नुपर्ने भन्ने उल्लेख गरिएको हुँदा सोही बमोजिम शुल्क निर्धारण गरी कार्यान्वयन गर्न गराउनुहुन सबै सरोकारवालाहरूलाई यसै सूचना मार्फत सूचित गरिन्छ । तोकिएको शुल्कभन्दा बढी शुल्क लिएको प्रमाणित भएमा परिषद्को ऐन, नियम, विनियम तथा प्रचलित कानून बमोजिम भइजाने व्यहोरा समेत सूचित गरिन्छ ।